हेल्थ प्लस+
ॐ अस्पतालको स्वास्थ्य सचेतना अभियान | अंक १२, जेष्ठ - २०८३

OM HOSPITAL & RESEARCH CENTRE
An ISO 9001:2015 Certified Hospital
२५ बर्ष

WWW.OMHOSPITALNEPAL.COM

# ॐ हस्पिटलको निःशुल्क स्वास्थ्य शिविर विशेषाङ्क



खोटाङको दिक्तेल रुपाकोट मझुवागढीमा आयोजित बृहत निःशुल्क स्वास्थ्य शिविर शुभारम्भ गर्नुहुँदै ॐ हस्पिटलका अध्यक्ष डा. आनन्द प्रसाद श्रेष्ठ, समाजसेवी तथा ॐ हस्पिटलका सञ्चालक टङ्क श्रेष्ठ, दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाका मेयर तीर्थ भट्टराई लगायतका विशिष्ठ व्यक्तित्वहरु ।

## गुणस्तरिय स्वास्थ्य सेवा सबै नेपालीको पहुँचमा पुग्नुपर्छ ।



**डा. आनन्द प्रसाद श्रेष्ठ**
अध्यक्ष ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर

नेपालको स्वास्थ्य क्षेत्रले पछिल्ला वर्षहरूमा उल्लेखनीय प्रगति गरे पनि अझै पनि ग्रामीण र दुर्गम क्षेत्रमा विशेषज्ञ स्वास्थ्य सेवाको पहुँच चुनौतीपूर्ण नै छ। राजधानी तथा ठूला शहरहरुमा आधुनिक उपकरण, विशेषज्ञ चिकित्सक र सुविधा सम्पन्न अस्पतालहरूको विस्तार भइरहँदा गाउँका धेरै नागरिक सामान्य उपचारका लागि समेत संघर्ष गर्न बाध्य छन्। यही वास्तविकता लाई नजिकबाट बुझ्दै ॐ हस्पिटल एण्ड रिसर्च सेन्टरले स्वास्थ्य सेवालाई गाउँसम्म पुर्‍याउने अभियानलाई प्राथमिकतामा राखेको छ।

हालै खोटाङको दिक्तेलमा सम्पन्न बृहत् निःशुल्क स्वास्थ्य शिविर यस अभियानको एउटा उदाहरण बनेको छ। दुई दिनसम्म सञ्चालन गरिएको शिविरमा १ हजार ६ सयभन्दा बढी नागरिकले विशेषज्ञ स्वास्थ्य सेवा प्राप्त गरे। आर्थिक अवस्था कमजोर भएका, शहरसम्म पुग्न कठिनाइ भोगिरहेका तथा लामो समयदेखि उपचारबाट वञ्चित नागरिकका लागि यो कार्यक्रम आशाको केन्द्र बन्यो।

विशेषज्ञ चिकित्सकको सेवा अझै पनि नेपालको अधिकांश ग्रामीण क्षेत्रमा दुर्लभ मानिन्छ। सामान्य स्वास्थ्य चौकी वा प्राथमिक उपचार केन्द्र भए पनि विशेषज्ञ चिकित्सक, आधुनिक परीक्षण सुविधा र गुणस्तरीय उपचार सेवाको अभावका कारण धेरै बिरामी समयमै पहिचान र उपचारबाट टाढा छन्। कतिपय बिरामीले रोग गम्भीर भएपछि मात्रै शहर जाने अवस्था बन्ने गरेको छ। यसले आर्थिक भार मात्र होइन, स्वास्थ्य जोखिम पनि बढाउँछ।

स्वास्थ्य सेवा नागरिकको आधारभूत अधिकार हो र त्यो सेवा भौगोलिक दूरीका कारण कसैबाट वञ्चित हुनु हुँदैन।
"नेपालको स्वास्थ्य प्रणालीलाई वास्तवमै प्रभावकारी बनाउन विशेषज्ञ सेवा गाउँगाउँसम्म पुग्नुपर्छ। स्वास्थ्य सेवा शहरका सीमित व्यक्तिको सुविधा मात्र बन्नु हुँदैन।"
दिक्तेलमा आयोजित शिविरमा जनरल सर्जरी, स्त्री तथा प्रसूतिरोग, हाडजोर्नी, बालरोग,दन्त चिकित्सा,मनोरोग स्वास्थ्य, चर्मरोग लगायतका विभिन्न विभागका विशेषज्ञ चिकित्सक सहभागी थिए। ग्रामीण क्षेत्रका नागरिकले आफ्नै जिल्लामा बसेर विशेषज्ञसँग प्रत्यक्ष परामर्श लिन पाउनु धेरैका लागि पहिलो अनुभव थियो।

विशेषगरी महिला स्वास्थ्यसम्बन्धी समस्यामा ग्रामीण महिलाले खुला रूपमा स्वास्थ्य सेवा लिन नपाउने अवस्था अझै विद्यमान छ। पाठेघरको समस्या, स्तन स्वास्थ्य, रक्तअल्पता, गर्भावस्था सम्बन्धी जटिलता जस्ता विषयमा चेतना र पहुँच दुवै कमजोर रहेको पाइन्छ। शिविरमा महिला स्वास्थ्य परीक्षण तथा परामर्श सेवाप्रति उल्लेखनीय सहभागिता देखिएको थियो।


OM HOSPITAL & RESEARCH CENTRE (P.) LTD. | 01-4576225 | omhrc@omhospitalnepal.com

त्यस्तै,वृद्धवृद्धामा हाडजोर्नी,नसा तथा दीर्घरोगीका समस्या धेरै देखिए । धेरै सेवाग्राहीले वर्षौं देखि उपचार नगराएको समस्या पहिलोपटक विशेषज्ञ समक्ष राखेका थिए। कतिपय बिरामीआर्थिक अभावका कारण काठमाडौं जान नसकेका बताउँथे भने केहीले यात्रा कठिन भएकाले उपचार टार्दै आएको अनुभव सुनाए ।

यस्ता शिविरले केवल उपचार सेवा मात्र उपलब्ध गराउँदैनन्, स्वास्थ्य चेतना विस्तारमा पनि ठूलो भूमिका खेल्छन् । ग्रामीण समुदायमा रोगको प्रारम्भिक पहिचान, नियमित स्वास्थ्य परीक्षण र समयमै उपचारको महत्त्वबारे जानारी दिनु अत्यन्त आवश्यक छ। धेरै रोग प्रारम्भिक अवस्थामा नियन्त्रण गर्न सकिने भए पनि जानकारीको अभाव र उपचारमा ढिलाइले अवस्था जटिल बन्ने गरेको छ । स्वास्थ्य शिविरमा सहभागी स्थानीय नागरिकहरूले आफ्नै गाउँमा विशेषज्ञ सेवा पाउँदा खुसी व्यक्त गरेका थिए। वृद्धवृद्धा, महिला र बालबालिकाको उल्ले खनीय सहभागिताले ग्रामीण क्षेत्रमा अझै पनि यस्ता कार्यक्रमको आवश्यकता रहेको स्पष्ट देखाएको छ। ॐ हस्पिटलले स्वास्थ्य सेवालाई सामाजिक उत्तर दायित्वसँग जोडेर हेर्दै आएको छ। आगामी दिनमा पनि देशका विभिन्न दुर्गम जिल्लामा यस्ता शिविर सञ्चालन गरिनेछ। विशेषगरी महिला स्वास्थ्य, बाल




स्वास्थ्य, क्यान्सर सचेतना तथा दीर्घरोग पहिचान लाई प्राथमिकता दिइने योजना रहेको बताइएको छ। नेपालजस्तो भौगोलिक विविधता भएको देशमा सबै नागरिकलाई समान स्वास्थ्य पहुँच सुनिश्चित गर्नु चुनौतीपूर्ण अवश्य छ, तर असम्भव छैन । सरकारी निकाय, निजी स्वास्थ्य संस्था, स्थानीयतह र सामाजिक संस्थाबीच सहकार्य हुन सके ग्रामीण स्वास्थ्य क्षेत्रमा उल्लेखनीय परिवर्तन सम्भव छ ।

स्वास्थ्य सेवा सुविधा होइन, अधिकार हो । र त्यो अधिकार गाउँका नागरिकले पनि समान रूपमा पाउनुपर्छ । शहर केन्द्रित स्वास्थ्य प्रणालीलाई समुदाय केन्द्रित बनाउने अभियानमा यस्ता कार्यक्रमले महत्वपूर्ण योगदान पुर्‍याइरहेका छन् । स्वास्थ्य सेवागाउँसम्म पुग्दा केवल रोगको उपचार मात्र हुँदैन, नागरिकमा भरोसा, आत्म विश्वास र सुरक्षित भविष्यको अनुभूति पनि विस्तार हुन्छ । यही सोचका साथ ॐ हस्पिटलले “स्वास्थ्य सेवा सबैको पहुँचमा” भन्ने अभियानलाई निरन्तरता दिइरहेको छ ।




# जन्मभूमिमा सेवा गर्न पाउँदाको गर्व र कृतज्ञता महशुष भएको छ।

खोटाङ मेरो जन्मभूमि हो। यही माटो, यही समाज र यही समुदायले मलाई आज यहाँसम्म ल्याएको हो भन्ने भावनाले म सधैं गर्व गर्छु। ॐ हस्पिटल एण्ड रिसर्च सेन्टरमार्फत देशका विभिन्न ठाउँमा स्वास्थ्य सेवा विस्तार गर्ने क्रममा यसपटक आफ्नै जन्मथलो दिक्तेलमा विशेषज्ञ स्वास्थ्य शिविर आयोजना गर्न पाउनु मेरो जीवनकै अत्यन्त अर्थपूर्ण र भावनात्मक क्षण बन्यो।

दुई दिनसम्म सञ्चालन भएको बृहत् निःशुल्क स्वास्थ्य शिविरमा हजारौं नागरिकले सेवा लिनुभयो। बालबालिका, वृद्धवृद्धा, महिला तथा विभिन्न स्वास्थ्य समस्या भएका बिरामीहरूको उपस्थिति देख्दा हाम्रो उद्देश्य सही दिशामा रहेको अनुभूति भयो । आफ्नै गाउँठाउँका नागरिकलाई आफ्नै घरआँगनमा विशेषज्ञ चिकित्सकको सेवा दिन सक्नु मेरो लागि केवल पेशागत उपलब्धि होइन, आत्मसन्तुष्टिको विषय पनि हो।

हामीले ॐ हस्पिटलमा सधैं एउटा विश्वास राख्दै आएका छौं–स्वास्थ्य सेवा शहरका भव्य भवनमा मात्र सीमित हुनु हुँदैन, त्यो गाउँका सामान्य नागरिकसम्म पुग्नुपर्छ। यही सोचका साथ हामीले विभिन्न जिल्लामा स्वास्थ्य शिविर सञ्चालन गर्दै आएका छौं। तर खोटाङमा सेवा दिन पाउनु भने मेरो लागि विशेष महत्वको विषय रह्यो, किनभने यो मेरो जन्म भूमि हो।

शिविरका क्रममा धेरै स्थानीय नागरिकले भावुक हुँदै आफ्ना अनुभव सुनाउनुभयो। कतिपयले वर्षौं देखि उपचार नगरिएको समस्या पहिलोपटक विशेषज्ञ चिकित्सकसँग राख्न पाउनुभयो। आर्थिक अभाव र भौगोलिक कठिनाइका कारण शहरसम्म पुग्न नसकेका नागरिकलाई आफ्नै ठाउँमा सेवा दिन पाउनु हामी सबैका लागि ठूलो उपलब्धि हो।

मलाई सबैभन्दा बढी सन्तोष यस कुरामा भयो कि सेवा लिन आउनुभएका धेरैजसो नागरिकले “अब काठमाडौं जानुपर्ने बाध्यता कम भयो” भनेर भन्नुभयो। यो वाक्य नै हाम्रो प्रयासको वास्तविक सफलता हो भन्ने मलाई लाग्छ। स्वास्थ्य सेवा नागरिकको पहुँचमा पुग्दा मात्रै यसको वास्तविक अर्थ पूरा हुन्छ।

यस अभियानलाई सफल बनाउन डा. आनन्द प्रसाद श्रेष्ठज्यूको नेतृत्व अत्यन्त महत्वपूर्ण रह्यो। उहाँको समर्पण, चिकित्सकीय दक्षता र सामाजिक सोचका कारण यस्तो ठूलो कार्यक्रम सम्भव भयो। त्यस्तै सम्पूर्ण चिकित्सक, स्वास्थ्यकर्मी, स्वयंसेवक तथा सहकार्य संस्थाहरूको निरन्तर सहयोगले शिविरलाई व्यवस्थित र प्रभावकारी बनायो।

हामीले यो शिविरलाई केवल उपचारको कार्यक्रमका रूपमा मात्र होइन, स्वास्थ्य चेतना विस्तार गर्ने अवसरका रूपमा पनि लिएका थियौं। धेरै नागरिकले पहिलोपटक नियमित स्वास्थ्य परीक्षणको महत्व बुझ्ने अवसर पाउनुभयो। यस्तो चेतना विस्तार भविष्यमा दीर्घकालीन रूपमा समुदायको स्वास्थ्य सुधारमा महत्वपूर्ण हुने विश्वास छ।

खोटाङका नागरिकले देखाउनु भएको माया, आत्मीयता र विश्वासले मलाई अझ जिम्मेवार बनाएको छ। जन्मभूमिको माटोमा फर्केर सेवा दिन पाउनु जीवनकै ठूलो सम्मान हो भन्ने अनुभूति मैले यस शिविरमार्फत पाएँ। यो केवल सेवा होइन,



**टंक बहादुर श्रेष्ठ**
**संचालक समिति सदस्य**

कृतज्ञताको अभिव्यक्ति पनि हो।

ॐ हस्पिटलको तर्फबाट हामी आगामी दिनमा पनि यस्ता सामाजिक स्वास्थ्य अभियानलाई निरन्तरता दिने छौं। विशेषगरी दुर्गम जिल्लाहरूमा विशेषज्ञ सेवा पुर्‍याउने हाम्रो प्रतिबद्धता अझ बलियो बनेको छ। स्वास्थ्य सेवा सबैको पहुँचमा पुर्‍याउने लक्ष्य हाम्रो संस्थागत दायित्व मात्र होइन, मानवीय जिम्मेवारी पनि हो।

अन्त्यमा, यस सफल शिविरमा साथ, सहयोग र विश्वास प्रदान गर्ने सम्पूर्ण खोटाङवासी, स्थानीय तह, चिकित्सक टोली, स्वास्थ्यकर्मी तथा सहकार्य संस्थाप्रति म हार्दिक धन्यवाद र कृतज्ञता व्यक्त गर्दछु। जन्मभूमिमा सेवा गर्न पाउनु मेरो लागि गर्व मात्र होइन, जीवनभरको प्रेरणा हो।







# गाउँमै स्वास्थ्य सेवा पुग्दा देखिएको आम जनसमुदायको सन्तुष्टि



**डा. रिता सिंह**
बरिष्ठ बालरोग विषेशज्ञ

दुर्गम क्षेत्रमा स्वास्थ्य सेवा पुऱ्याउने उद्देश्य सहित खोटाङको दिक्तेलमा आयोजित बृहत् नि:शुल्क स्वास्थ्य शिविरमा सहभागी हुन पाउनु मेरा लागि केवल पेशागत जिम्मेवारी मात्र थिएन, त्यो अत्यन्त भावनात्मक र प्रेरणादायी अनुभव पनि बन्यो। दुई दिनसम्म सञ्चालन भएको उक्त शिविरमा स्थानीय नागरिकले देखाउनुभएको विश्वास, उत्साह र आत्मीयताले हामी चिकित्सक टोलीलाई थप जिम्मेवार बनाएको अनुभूति भयो ।

विशेषगरी बालरोग विशेषज्ञको रूपमा मैले ग्रामीण क्षेत्रका बालबालिकाको स्वास्थ्य अवस्था नजिकबाट बुझ्ने अवसर पाएँ । धेरै अभिभावक आफ्ना बालबालिकालाई लिएर बिहानैदेखि स्वास्थ्य परीक्षणका लागि लाइनमा बस्नुभएको थियो। कतिपय बालबालिकामा सामान्य स्वास्थ्य समस्या देखिए पनि केहीमा दीर्घकालीन पोषण अभाव, संक्रमण तथा नियमित स्वास्थ्य परीक्षणको कमी स्पष्ट देखिन्थ्यो ।

ग्रामीण क्षेत्रमा अझै पनि बाल स्वास्थ्यप्रति पर्याप्त चेतना र पहुँच नपुगेको वास्तविकता शिविरका क्रममा अनुभव गर्न पाइयो। धेरै अभिभावकले बालबालिकाको समस्या सामान्य ठानेर लामो समयसम्म उपचार नगराउने गरेको पाइयो। शहरसम्म पुग्न कठिनाइ, आर्थिक अभाव तथा विशेषज्ञ सेवा नपाइने अवस्थाले उपचारमा ढिलाइ हुने गरेको देखियो ।

तर, यति चुनौतीका बीच पनि आफ्नै ठाउँमा विशेषज्ञ चिकित्सकको सेवा पाउँदा स्थानीय अभिभावकमा देखिएको खुसी अत्यन्त प्रेरणादायी थियो। केही अभिभावकले पहिलोपटक बालरोग विशेषज्ञसँग प्रत्यक्ष परामर्श लिन पाएको अनुभव सुनाउनुभयो। स्वास्थ्य परीक्षणपछि उहाँहरूको अनुहारमा देखिएको सन्तुष्टि र विश्वास हाम्रो लागि सबैभन्दा ठूलो उपलब्धि थियो ।

शिविरमा सहभागी धेरै बालबालिकामा पोषण सरसफाइ, नियमित खोप तथा सामान्य संक्रमण सम्बन्धी समस्या देखिएका थिए । हामीले उपचारसँगै अभिभावकलाई स्वास्थ्य सचेतना सम्बन्धी जानकारी पनि दिएका थियौं। बालबालिकाको स्वास्थ्य केवल औषधिले मात्र सुधार हुँदैन, परिवार र समुदायमा स्वास्थ्यप्रतिको चेतना पनि आवश्यक हुन्छ भन्ने कुरा हामीले जोड दिएका थियौं ।

दिक्तेलमा आयोजित यो शिविरले एउटा महत्वपूर्ण सन्देश दिएको छ–गुणस्तरीय स्वास्थ्य सेवा गाउँसम्म पुऱ्याउन सकियो भने नागरिकको जीवनमा प्रत्यक्ष परिवर्तन सम्भव छ । धेरै बिरामी आर्थिक अभावका कारण शहरसम्म पुग्न नसक्ने अवस्थामा छन् । त्यस्ता नागरिकसम्म सेवा लिएर पुग्नु नै वास्तविक स्वास्थ्य सेवा हो भन्ने अनुभूति यस शिविरले गरायो ।

ॐ हस्पिटलले सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामा राखेर यस्ता कार्यक्रम सञ्चालन गर्दै आएको छ ।अस्पतालका अध्यक्ष डा.आनन्द प्रसाद श्रेष्ठज्यूको नेतृत्व तथा सञ्चालक समाजसेवी टंक श्रेष्ठज्यूको सकारात्मक सोचका कारण दुर्गम क्षेत्रमा स्वास्थ्य सेवा विस्तार गर्ने अभियानले निरन्तरता पाइरहेको छ। यस्तो अभियानमा सहभागी हुन पाउनु मेरा लागि गर्वको विषय पनि हो ।

शिविरका क्रममा स्थानीय नागरिकले देखाउनुभएको माया, सम्मान र विश्वासले हामीलाई अत्यन्त भावुक बनाएको थियो। कतिपय वृद्धवृद्धा आफ्ना नातिनातिना लिएर स्वास्थ्य परीक्षणका लागि आउनु भएको थियो । केही अभिभावकले “अब बालबालिकालाई काठमाडौं लैजानुपर्ने डर कम भयो” भनेर व्यक्त गर्नु भएको प्रतिक्रिया अझै सम्झनामा ताजा छ ।

ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवा केवल उपचारसँग सम्बन्धित विषय मात्र होइन, त्यो सामाजिक न्यायसँग पनि जोडिएको विषय हो । शहरका नागरिकले सहज रूपमा पाउने सेवा गाउँका नागरिकले पनि पाउनुपर्छ भन्ने सोचले नै यस्ता कार्यक्रमको आवश्यकता बढाएको हो ।

शिविर सफल बनाउन सहयोग गर्ने सम्पूर्ण चिकित्सक टोली, स्वास्थ्यकर्मी, स्वयंसेवक, स्थानीय तह तथा सहकार्य संस्थाप्रति म हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । सबैको समन्वय र समर्पणका कारण हजारौं नागरिकसम्म सेवा पुऱ्याउन सम्भव भएको हो ।

दिक्तेल स्वास्थ्य शिविरले हामी चिकित्सकलाई पनि नयाँ ऊर्जा दिएको छ । अस्पतालको सीमित घेराभन्दा बाहिर निस्केर समुदायमा पुग्द स्वास्थ्य सेवाको वास्तविक आवश्यकता कति ठूलो छ भन्ने अझ स्पष्ट रूपमा महसुस गर्न सकिन्छ ।

आगामी दिनमा पनि ॐ हस्पिटलमार्फत यस्ता सामाजिक स्वास्थ्य अभियानलाई निरन्तरता दिँदै अझ धेरै दुर्गम समुदायसम्म सेवा पुऱ्याउने हाम्रो प्रतिबद्धता रहनेछ । स्वास्थ्य सेवा सबैको पहुँचमा पुग्नुपर्छ भन्ने विश्वासलाई व्यवहारमा उतार्ने प्रयास निरन्तर जारी रहनेछ ।



# स्वास्थ्य शिविरमा सेवा, समर्पण र सन्तुष्टिको अनुभव भयो



**प्रा. डा. रविन कोइराला**
**कन्सल्ट्यान्ट, वरिष्ठ सर्जन**

खोटाङको दिक्तेलमा आयोजित बृहत् नि:शुल्क स्वास्थ्य शिविरमा सहभागी हुन पाउनु मेरो लागि अत्यन्त अर्थपूर्ण अनुभव रह्यो। चिकित्सकको रूपमा अस्पतालभित्र दैनिक रूपमा बिरामीको उपचार गर्नु एउटा जिम्मेवारी हो, तर दुर्गम समुदायसम्म पुगेर प्रत्यक्ष रूपमा सेवा दिनु भने विशेषगरी सर्जरीसम्बन्धी समस्या भएका धेरै बिरामी शिविरमा आएका थिए । कतिपय बिरामी लामो समयदेखि पेट, हर्निया, गाँठागुँठी तथा अन्य शल्यक्रिया आवश्यक पर्ने समस्याबाट पीडित थिए। सामान्य अवस्थामा यस्ता बिरामी लाई विशेषज्ञसँग परामर्श लिन शहर जानुपर्ने बाध्यता हुन्छ । तर, आफ्नै जिल्लामा विशेषज्ञ सेवा पाउँदा उहाँहरूको अनुहारमा देखिएको सन्तुष्टि अत्यन्त प्रेरणादायी थियो ।

कतिपय बिरामीले पहिलोपटक सर्जनसँग प्रत्यक्ष परामर्श गर्ने अवसर पाएका थिए । उपचार प्रक्रियाबारे जानकारी नहुँदा वा डरका कारण वर्षौंदेखि समस्या लुकाएर बस्ने प्रवृत्ति ग्रामीण क्षेत्रमा अझै धेरै देखिन्छ। शिविरका क्रममा बिरामीसँग खुलेर संवाद गर्न, रोगबारे जानकारी दिन तथा समयमै उपचारको आवश्यकता बुझाउन पाउनु पनि महत्वपूर्ण पक्ष बन्यो ।

हामी चिकित्सकका लागि बिरामीको विश्वास नै सबैभन्दा ठूलो प्रेरणा हो । दिक्तेलमा स्थानीय नागरिकले देखाउनुभएको सम्मान, आत्मीयता र विश्वासले हामीलाई अझ जिम्मेवार बनाएको अनुभूति भयो । बिहानदेखि साँझसम्म लामो लाइनमा बसेर पनि धैर्यपूर्वक सेवा लिनुभएको दृश्यले ग्रामीण नागरिकमा स्वास्थ्य सेवाप्रतिको अपेक्षा कति ठूलो छ भन्ने देखाउँथ्यो ।

यस शिविरले एउटा महत्वपूर्ण यथार्थ पनि उजागर गरेको छ–नेपालमा अझै पनि स्वास्थ्य सेवा शहर केन्द्रित छ। राजधानी र ठूला शहरमा उपलब्ध विशेषज्ञ सेवा गाउँका धेरै नागरिकका लागि पहुँच बाहिरको विषय बनेको छ । यस्तो अवस्थामा स्वास्थ्य संस्था स्वयं गाउँसम्म पुगेर सेवा दिनु अत्यन्त आवश्यक छ ।

ॐ हस्पिटल एण्ड रिसर्च सेन्टरले यही सोचलाई व्यवहारमा उतार्दै दुर्गम क्षेत्रमा स्वास्थ्य सेवा विस्तार गर्ने प्रयास गरिरहेको छ । अस्पतालका अध्यक्ष डा. आनन्दप्रसाद श्रेष्ठज्यूको नेतृत्व तथा सञ्चालक समाजसेवी टंक श्रेष्ठज्यूको सेवाभाव र सामाजिक सोचका कारण यस्ता अभियान सम्भव भएका हुन् । निजी स्वास्थ्य संस्थाले सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामाराखेर काम गर्नुपर्छ भन्ने उदाहरण यो कार्यक्रमले प्रस्तुत गरेको छ ।

शिविरका क्रममा धेरै बिरामीले "अब काठमाडौं जानुपर्दैन होला"भनेर व्यक्त गर्नुभएको प्रतिक्रिया अझै सम्झनामा ताजा छ । केही वृद्धवृद्धा तथा आर्थिक रूपमा कमजोर परिवारका लागि यो शिविर साँच्चै राहत बनेको थियो। स्वास्थ्य सेवा गाउँमै पुग्दा नागरिकमा आत्मविश्वास र सुरक्षा दुवै बढ्ने रहेछ भन्ने अनुभव गर्न पाइयो ।

चिकित्सकको रूपमा हामीले केवल रोगको उपचार मात्र गर्दैनौं, बिरामीमा आशा र भरोसा पनि जगाउने प्रयास गर्छौं । दिक्तेल स्वास्थ्य शिविरमा यही भावना सबैभन्दा बलियो रूपमा महसुस भयो। गाउँका नागरिकले देखाउनु भएको अपनत्वले हामीलाई भविष्यमा अझ धेरै सामाजिक स्वास्थ्य कार्यक्रममा सहभागी हुन प्रेरणा दिएको छ ।

शिविर सफल बनाउन दिनरात खटिनुहुने सम्पूर्ण चिकित्सक टोली, स्वास्थ्यकर्मी, स्थानीय स्वयंसेवक, सहकार्य संस्था तथा आयोजकप्रति म हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु। विशेषगरी दुर्गम क्षेत्रमा यति ठूलो स्तरको कार्यक्रम सञ्चालन गर्नु सहज काम होइन। सबैको समर्पण र सहकार्यका कारण हजारौं नागरिकसम्म सेवा पुर्‍याउन सम्भव भएको हो ।

नेपालजस्तो भौगोलिक रूपमा चुनौतीपूर्ण देशमा स्वास्थ्य सेवा सबैको पहुँचमा पुर्‍याउन अझ धेरै यस्ता अभियान आवश्यक छन् । स्वास्थ्य सेवा नागरिकको आधारभूत अधिकार हो, र त्यो अधिकार गाउँका नागरिकले पनि समान रूपमा पाउनुपर्छ भन्ने विश्वास हामी सबैले व्यवहारमा उतार्न आवश्यक छ ।

दिक्तेल स्वास्थ्य शिविरले हामी चिकित्सकलाई केवल सेवा दिने अवसर मात्र दिएन, समाजप्रति हाम्रो जिम्मेवारी अझ गहिरो रूपमा महसुस गरायो । आगामी दिनमा पनि यस्ता अभियानमार्फत दुर्गम समुदायसम्म स्वास्थ्य सेवा पुर्‍याउने प्रयास निरन्तर जारी रहनेछ ।



# स्वास्थ्य सेवामा औषधि सहकार्यको भूमिका महत्वपूर्ण

दिक्तेलमा आयोजित बृहत् नि:शुल्क स्वास्थ्य शिविर केवल चिकित्सकीय सेवा प्रदान गर्ने कार्यक्रम मात्र थिएन, यो विभिन्न संस्था र क्षेत्रबीचको सहकार्यको उत्कृष्ट उदाहरण पनि थियो। विशेषज्ञ चिकित्सक, स्वास्थ्यकर्मी, स्वयं सेवक र स्थानीय व्यवस्था पनसँगै औषधि व्यवस्था पनले पनि शिविरलाई प्रभावकारी बनाउन महत्व पूर्ण भूमिका खेलेको थियो ।

यस अभियानमा विभू बिस्ता फार्मसीले ॐ हस्पिटल एण्ड रिसर्च सेन्टरसँग सहकार्य गर्दै औषधि वितरण तथा व्यवस्थापनमा सक्रिय योगदान दिएको थियो ।

दुर्गम क्षेत्रमा स्वास्थ्य सेवा सञ्चालन गर्दा औषधि को सहज उपलब्धता अत्यन्त महत्वपूर्ण पक्ष हो । स्वास्थ्य परीक्षणपछि आवश्यक औषधि समयमै उपलब्ध गराउन सकिए मात्रै बिरामीले सेवा प्रभावकारी रूपमा अनुभव गर्न सक्छन् । यही जिम्मेवारीलाई प्राथमिकतामा राख्दै विभू बिस्त्रा फार्मेसीले शिविर अवधिभर औषधि सहकार्यलाई व्यवस्थित र प्रभावकारी बनाएको थियो ।

ग्रामीण क्षेत्रमा औषधिको पहुँच सीमित हुने भएकाले धेरै स्थानीयले यो सेवाबाट प्रत्यक्ष राहत महसुस गरेका थिए ।

विभू बिस्त्रा फार्मेसीका संचालक विनायक श्रेष्ठ का अनुसार शिविरमा सहभागी नागरिकको विश्वास र खुसीले कार्यक्रमलाई अझ अर्थपूर्ण बनाएको थियो । "धेरै बिरामी आर्थिक अभावका कारण औषधि किन्न सक्ने अवस्थामा हुनुहुन्न," फार्मेसीका एक प्रतिनिधि मनोज पन्तले भन्नुभयो, "उहाँहरूलाई नि:शुल्क औषधि उपलब्ध गराउन पाउनु हाम्रो लागि पनि सन्तोषको विषय बन्यो ।

शिविरका क्रममा कतिपय वृद्धवृद्धा तथा दीर्घरोगी बिरामीहरूले नियमित औषधि प्रयोग गर्नुपर्ने अवस्था रहेको जानकारी दिएका थिए । चिकित्सकको परामर्श सँगै आवश्यक औषधि उपलब्ध हुँदा उनीहरू निकै खुसी देखिन्थे । केही सेवाग्राहीले गाउँमै यस्तो सुविधा पहिलो पटक पाएको अनुभव सुनाएका थिए ।

स्वास्थ्य सेवा सबैको पहुँचमा पुग्नुपर्छ भन्ने उद्देश्यमा सहकार्य गर्न पाउनु गौरवको विषय भएको फार्मेसीले उल्लेख गरेको छ ।

"ॐ हस्पिटलसँग सहकार्य गर्दै यति ठूलो स्वास्थ्य अभियानमा सहभागी हुन पाउँदा हामी अत्यन्त खुशी छौं,"।

विभू बिस्त्रा फार्मेसीका लागि यो केवल एउटा कार्यक्रम थिएन, समाजप्रति उत्तरदायित्व र सेवाभावको अनुभूति पनि थियो ।


OM HOSPITAL & RESEARCH CENTRE (P.) LTD. | 01-4576225 | omhrc@omhospitalnepal.com








# स्वास्थ्य सेवामा ॐ अस्पताल र गरिमा विकास बैंकको अर्थपूर्ण सहकार्य



**दिपेन्द्र पोखरेल**

**रिजनल म्यानेजर, गरिमा विकास बैंक(इटहरी)**

दिक्तेलमा आयोजित बृहत् निःशुल्क स्वास्थ्य शिविर केवल स्वास्थ्य सेवा कार्यक्रम मात्र थिएन, यो सामाजिक सहकार्य र सामुदायिक उत्तरदायित्वको उत्कृष्ट उदाहरण पनि बन्यो। ॐ हस्पिटल एण्ड रिसर्च सेन्टरसँग सहकार्य गर्दै गरिमा विकास बैंकले प्रमुख प्रायोजक तथा सहकार्य साझेदारको रूपमा कार्यक्रममा सक्रिय सहभागिता जनाएको थियो । बैंकको यो सहयोगले दुर्गम क्षेत्रका सयौं नागरिकसम्म विशेषज्ञ स्वास्थ्य सेवा पुऱ्याउन महत्वपूर्ण भूमिका खेलेको छ ।

गरिमा विकास बैंकका प्रादेशिक प्रमुख दिपेन्द्र पोखरेलका अनुसार बैंकिङ संस्था केवल वित्तीय कारोबारमा सीमित नरही समाजप्रति उत्तरदायी हुनुपर्छ भन्ने मान्यताका साथ बैंकले यस्ता सामाजि क कार्यक्रम लाई प्राथमिकता दिँदै आएको छ । उहाँ भन्नु हुन्छ, "स्वास्थ्य र शिक्षा समाज का आधारभूत आवश्यकता हुन् । नागरिक स्वस्थ भए मात्रै समाज र अर्थतन्त्र दुवै बलियो बन्छन् ।"दिक्तेलमा सम्पन्न स्वास्थ्य शिविरमा १ हजार ६ सय भन्दा बढी नागरिकले निःशुल्क स्वास्थ्य सेवा प्राप्त गरेका थिए ।

विशेषज्ञ चिकित्सकको टोली गाउँमै पुगेर सेवा दिनु स्थानीयका लागि ठूलो राहत बनेको थियो। यस्तो अभियानमा सहकार्य गर्न पाउनु बैंकका लागि गर्वको विषय भएको पोखरेल बताउनुहुन्छ ।

"दुर्गम क्षेत्रका धेरै नागरिक आर्थिक अभाव र पहुँच समस्याका कारण समयमै उपचारबाट वञ्चित छन्," उहाँले भन्नुभयो, "यस्ता कार्यक्रमले उनीहरूलाई प्रत्यक्ष राहत दिने मात्र होइन, स्वास्थ्यप्रति चेतना पनि बढाउँछ ।"

गरिमा विकास बैंकले पछिल्ला वर्षहरूमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न सामाजिक तथा सामुदायिक कार्यक्रम सञ्चालन गर्दै आएको छ । विशेषगरी स्वास्थ्य, शिक्षा, वित्तीय साक्षरता तथा विपद् सहयोगका क्षेत्रमा बैंकले निरन्तर योगदान पुऱ्याउँदै आएको छ। दिक्तेल स्वास्थ्य शिविर पनि त्यही अभियानको निरन्तरता भएको बैंकले जनाएको छ।

दिपेन्द्र पोखरेलका अनुसार सामाजिक उत्तरदायित्व केवल औपचारिक कार्यक्रम नभई समुदायसँग जोडिने माध्यम हो। "हामी व्यवसा यसँगै समाजको विश्वास पनि जित्न चाहन्छौं," उहाँले भन्नुभयो, "समाजको आवश्यकता बुझेर गरिने सहकार्य नै वास्तविक सामाजिक उत्तरदायित्व हो ।"

गरिमा विकास बैंकको सहभागिताले स्वास्थ्य क्षेत्रमा निजी क्षेत्रको सामाजिक भूमिकालाई अझ मजबुत बनाएको छ। आगामी दिनमा पनि यस्ता कार्यक्रममार्फत समुदायसँग सहकार्यलाई निरन्तरता दिने प्रतिबद्धता बैंकले जनाएको छ । "स्वस्थ नागरिक नै समृद्ध समाजको आधार हो," पोखरेल भन्नुहुन्छ, "त्यसैले स्वास्थ्य क्षेत्रमा गरिने योगदान भविष्य प्रतिको लगानी पनि हो ।"




# ॐ हस्पिटल प्रति खोटाङ्गबासीको कृतज्ञता र सम्मान

खोटाङ जिल्लाको दिक्तेल रुपाकोट मझुवागढी नगर पालिकामा सम्पन्न बृहत् निःशुल्क स्वास्थ्य शिविरले स्थानीय नागरिकमा नयाँ आशा, भरोसा र उत्साह थपेको छ। दुई दिनसम्म सञ्चालन भएको उक्त शिविर मा हजारौं नागरिकले विशेषज्ञ स्वास्थ्य सेवा प्राप्त गरेका छन् । ग्रामीण तथा दुर्गम क्षेत्रमा यति ठूलो स्तर मा विशेषज्ञ चिकित्सकसहित स्वास्थ्य सेवा सञ्चालन हुनु हाम्रो नगरपालिकाका लागि अत्यन्त महत्वपूर्ण र ऐतिहासिक अवसर बनेको छ ।

यस अवसरमा दिक्तेल रुपाकोट मझुवागढी नगर पालिकाको तर्फबाट ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर परिवारप्रति हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्न चाहन्छु। विशेषगरी वरिष्ठ चिकित्सक तथा ॐ हस्पिटलका अध्यक्ष डा. आनन्द प्रसाद श्रेष्ठज्यूको नेतृत्व, समर्पण र सेवाभावले यो कार्यक्रम सफल बनाउन महत्वपूर्ण भूमिका खेलेको छ ।

डा.श्रेष्ठज्यूले विशेषज्ञ चिकित्सकसहितको टोली लिएर दुर्गम जिल्लासम्म पुगेर सेवा दिनु भएको कार्य केवल स्वास्थ्य सेवा मात्र होइन, सामाजिक उत्तरदायित्व र मानवीय सेवाको उत्कृष्ट उदाहरण ा पनि हो । ग्रामीण क्षेत्रमा स्वास्थ्य पहुँचको वास्तवि क आवश्यकता बुझेर प्रत्यक्ष रूपमा नागरिकमा झ पुग्नु अत्यन्त प्रेरणादायीकार्य हो । उहाँको नेतृत्वमा सञ्चालित यो अभियानले गाउँका धेरै नागरिकमा नयाँ विश्वास जगाएको छ ।



**तीर्थ भट्टराई**

**मेयर, रुपाकोट मझुवागढी नगरपालिका, खोटाङ**

त्यसैगरी ॐ हस्पिटलका सञ्चालक तथा समाज सेवी टंक श्रेष्ठज्यूप्रति पनि विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु। समाजप्रति सकारात्मक सोच, सेवाभाव र स्वास्थ्य क्षेत्रमा उहाँले देखाउनु भएको प्रतिबद्धताले यो अभियानलाई अझ प्रभावकारी बनाएको छ। स्वास्थ्य सेवा शहरमा सीमित नराखी गाउँसम्म पुऱ्याउने उहाँहरूको सोच वास्तवमै प्रशंसनीय छ।

हाम्रो नगरपालिकाका धेरै नागरिक आर्थिक, भौगोलिक तथा पहुँचका कारण समयमै उपचार सेवाबाट वञ्चित हुने गरेका छन्। विशेषज्ञ चिकित्सक भेट्न काठमाडौं वा अन्य शहरसम्म जानुपर्ने बाध्यता यहाँका नागरिकले वर्षौंदेखि भोग्दै आएका छन्। यस्तो अवस्थामा आफ्नै ठाउँमा विशेषज्ञ सेवा उपलब्ध हुनु नागरिकका लागि ठूलो राहत बनेको छ।

शिविरमा सहभागी धेरै सेवाग्राहीले पहिलोपटक विशेषज्ञ चिकित्सकसँग प्रत्यक्ष परामर्श लिने अवसर पाएका थिए। विशेषगरी वृद्धवृद्धा, महिला तथा दीर्घरोगी बिरामीहरू यस सेवाबाट अत्यन्त लाभान्वित भएका छन्। कतिपय नागरिकले वर्षौं देखि थाँती रहेका स्वास्थ्य समस्याबारे पहिलोपटक खुलेर परामर्श लिन पाएका थिए। यसले स्वास्थ्य चेतना अभिवृद्धिमा पनि महत्वपूर्ण योगदान पुऱ्याएको छ।

हामीले स्वास्थ्य शिविरलाई केवल उपचार सेवा दिने कार्यक्रमका रूपमा मात्रै हेरेका छैनौं। यसले समुदायमा स्वास्थ्यप्रतिको सचेतना, आत्मविश्वास र सकारात्मक ऊर्जा पनि विस्तार गरेको छ। स्थानीय नागरिकले आफ्नै गाउँमा यति गुणस्तरीय सेवा पाउँदा व्यक्त गरेको खुसी र सन्तुष्टि हामी सबैका लागि प्रेरणाको विषय बनेको छ।

यो कार्यक्रम सफल बनाउन सहयोग गर्ने सम्पूर्ण चिकि त्सक, स्वास्थ्यकर्मी, व्यवस्थापन टोली, स्वयंसेवक तथा सहकार्य संस्थाप्रति पनि हार्दिक धन्यवाद व्यक्त गर्दछु। विशेषगरी ग्रामीण क्षेत्रमा पुगेर निरन्तर सेवा दिनु सजिलो कार्य होइन। समय, श्रम र समर्पणसहित नागरिकको सेवामा जुट्नु अत्यन्त सम्मानयोग्य कार्य हो।

हाम्रो नगरपालिका आगामी दिनमा पनि यस्ता सामाजिक तथा स्वास्थ्य कार्यक्रमका लागि सहकार्य गर्न सदैव सकारात्मक रहने प्रतिबद्धता व्यक्त गर्दछ। ग्रामीण स्वास्थ्य पहुँच विस्तारका लागि सरकारी निकाय, निजी स्वास्थ्य संस्था तथा सामाजिक क्षेत्रबीचको सहकार्य आजको आवश्यकता हो भन्ने कुरा यस शिविरले प्रमाणित गरेको छ।

डा. आनन्दप्रसाद श्रेष्ठज्यू, टंक श्रेष्ठज्यू तथा ॐ हस्पिटल परिवारले देखाउनुभएको सेवाभावप्रति हामी सम्पूर्ण नगरवासी अत्यन्त आभारी छौं। यहाँहरूको योगदानले केवल स्वास्थ्य सेवा मात्र दिएको छैन, समुदायमा आशा र भरोसा पनि निर्माण गरेको छ।

अन्त्यमा, नगरपालिकाको तर्फबाट फेरि एकपटक ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर परिवारप्रति हार्दिक धन्यवाद तथा उच्च सम्मान व्यक्त गर्दछु। आगामी दिनमा पनि यस्ता कार्यक्रममार्फत हाम्रो समुदायलाई सेवा दिने अवसर निरन्तर बनिरहोस् भन्ने शुभकामना व्यक्त गर्दछु।






## ॐ अस्पतालसँग स्वास्थ्य सेवामा सहकार्य हाम्रा लागिपनि गर्वको विषय हो।

**महेश गोर्खाली, अध्यक्ष, एन.पि.एल.**

खोटाङको दिक्तेलमा आयोजित बृहत् निःशुल्क स्वास्थ्य शिविरमा सहकार्य गर्न पाउनु हाम्रो लागि अत्यन्त गर्वको विषय बनेको छ। ॐ हस्पिटल एण्ड रिसर्च सेन्टरको आयोजनामा सम्पन्न उक्त शिविरले ग्रामीण तथा दुर्गम क्षेत्रमा स्वास्थ्य सेवा विस्तार गर्ने दिशामा अत्यन्त सकारात्मक सन्देश दिएको छ। हजारौं स्थानीय नागरिकले विशेषज्ञ स्वास्थ्य सेवा तथा निःशुल्क औषधि प्राप्त गरेको दृश्यले हामी सबै लाई भावुक र प्रेरित बनाएको छ।


यस महत्वपूर्ण अभियानमा सेवा तथा निःशुल्क औषधि सहकार्यको अवसर प्रदान गर्नुभएकोमा ॐ हस्पिटल परिवारप्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु।

एनपीएलको तर्फबाट हामीले निःशुल्क औषधि सहकार्य गर्न पाउँदा आफूलाई सामाजिक रूपमा जिम्मेवार र आभारी महसुस गरेका छौं। औषधि उपचारको म हत्वपूर्ण आधार हो र आर्थिक अभावका कारण धेरै बिरामीले आवश्यक औषधि प्रयोग गर्न नसक्ने अवस्था हाम्रो समाजमा अझै विद्यमान छ। यस्तो अवस्थामा आवश्यक औषधि सहयोगमार्फत सेवाग्राहीलाई प्रत्यक्ष राहत दिन पाउनु हाम्रो लागि अत्यन्त सन्तोषको विषय बनेको छ।

विशेषगरी ॐ हस्पिटलले दुर्गम क्षेत्रमा स्वास्थ्य सेवा विस्तार गर्न देखाएको सक्रियता अत्यन्त प्रेरणादायी छ।

यस शिविर सफल बनाउन योगदान पुऱ्याउने सम्पूर्ण चिकित्सक, स्वास्थ्यकर्मी, स्थानीय तह, स्वयंसेवक तथा सहकार्य संस्थाप्रति म हार्दिक धन्यवाद व्यक्त गर्दछु। आगामी दिनमा पनि एनपीएल सामाजिक स्वास्थ्य अभियानहरूमा सहकार्य गर्न प्रतिबद्ध रहनेछ। विशेषगरी ग्रामीण तथा दुर्गम क्षेत्रमा स्वास्थ्य सेवा र आवश्यक औषधिको पहुँच विस्तार गर्न आफ्नो तर्फबाट निरन्तर सहयोग रहने विश्वास दिलाउन चाहन्छु।



# ॐ अस्पतालसँग सामाजिक उत्तरदायित्वमा सहकार्य सधैं प्रभावकारी हुन्छ।

## निगम अधिकारी, जनरल म्यानेजर, देउराली जनता फर्मास्युटिकल्स

खोटाङको दिक्तेलमा आयोजित बृहत् निःशुल्क स्वास्थ्य शिविरमा सहभागी भई ग्रामीण समुदायसम्म निःशुल्क औषधि सेवा पुर्‍याउने अवसर प्राप्त गर्नु हाम्रो लागि अत्यन्त गर्वको विषय बनेको छ । ॐ हस्पिटल एण्ड रिसर्च सेन्टरको आयोजनामा सम्पन्न उक्त स्वास्थ्य शिविरमा देउराली जनता फर्मास्युटिकल्सले सामाजिक उत्तरदायित्व अन्तर्गत औषधि सहयोग गर्न पाउँदा हामी आफूलाई आभारी र जिम्मेवार दुवै महसुस गरेका छौं ।

दिक्तेलमा स्थानीय नागरिकले देखाउनु भएको आत्मीयता, विश्वास र सन्तुष्टिले हामीलाई सामाजिक उत्तरदायित्वका कार्यक्रमहरूलाई अझ व्यापक रूपमा अघि बढाउन प्रेरणा दिएको छ। कतिपय सेवाग्राहीले आफ्नै गाउँमा यस्तो सेवा पहिलोपटक पाएको अनुभव सुनाउनुभएको थियो । औषधि प्राप्त गरेपछि उहाँहरूको अनुहारमा देखिएको राहत र खुसी नै हाम्रो लागि सबैभन्दा ठूलो उपलब्धि हो ।

देउराली जनता फर्मास्युटिकल्सले सधैं गुणस्तरीय औषधि उत्पादनसँगै सामाजिक उत्तरदायित्वलाई पनि प्राथमिकतामा राख्दै आएको छ ।

ॐ हस्पिटल एण्ड रिसर्च सेन्टरले ग्रामीण क्षेत्रमा विशेषज्ञ स्वास्थ्य सेवा विस्तार गर्न देखाउनु भएको सक्रियता अत्यन्त प्रशंसनीय छ । अस्पतालका अध्यक्ष डा. आनन्द प्रसाद श्रेष्ठज्यूको नेतृत्व तथा सम्पूर्ण चिकित्सक टोलीको समर्पणले हजारौं नागरिकलाई प्रत्यक्ष लाभ पुगेको छ । यस्तो अभियानमा सहकार्य गर्न पाउनु हाम्रो लागि सम्मानको विषय पनि हो ।

आगामी दिनमा पनि देउराली जनता फर्मास्युटिकल्स यस्ता स्वास्थ्य तथा सामाजिक अभियानमा सहकार्य गर्न प्रतिबद्ध रहनेछ। ग्रामीण समुदायसम्म गुणस्तरीय स्वास्थ्य सेवा र औषधिको पहुँच विस्तार गर्न हामी आफ्नो तर्फबाट निरन्तर योगदान दिनेछौं ।

अन्त्यमा, दिक्तेल स्वास्थ्य शिविर सफल बनाउन समन्वय गर्ने ॐ हस्पिटल परिवार, चिकित्सक टोली, स्थानीय तह, स्वयंसेवक तथा सम्पूर्ण सहयोगी संस्थाप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । समुदायको स्वास्थ्य र सेवाको लागि गरिएको यस्तो अभियान वास्तवमै प्रेरणादायी र अनुकरणीय छ ।













# "हाम्रो गाउँमै यस्तो सेवा पहिलो पटक" स्वास्थ्य शिविरबारे स्थानीयको अनुभव



**दयाल हाङ राई**
**स्थानियबासी**

खोटाङको दिक्तेलमा आयोजित बृहत् निःशुल्क स्वास्थ्य शिविर धेरै स्थानीयका लागि केवल उपचार सेवा मात्र थिएन, त्यो आशा, राहत र आत्मीयताको अनुभव पनि थियो। गाउँमै विशेषज्ञ चिकित्सकको सेवा पाउनु अधिकांश स्थानीयका लागि पहिलो अवसर बनेको थियो। विशेषगरी आर्थिक अवस्था कमजोर भएका तथा नियमित उपचारबाट वञ्चित नागरिकका लागि यो कार्यक्रम जीवनमै सम्झन लायक अनुभव बन्यो ।

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-४ का दयाल हाङ राई पनि यस्तै सेवाग्राहीमध्ये एक हुनुहुन्छ। लामो समयदेखि स्वास्थ्य समस्या भोग्दै आउनु भएका राई उपचारका लागि काठमाडौं जानुपर्ने सोचले नै चिन्तित हुनुहुन्थ्यो । परिवारको आर्थिक अवस्था सामान्य भएकाले शहरमा गएर उपचार गराउनु उहाँका लागि सहज थिएन। यात्रा खर्च, बसाइँ र उपचार शुल्क जोड्दा उपचारभन्दा खर्चको चिन्ता बढी हुने गरेको उहाँ बताउनुहुन्छ ।

"हामी गाउँका मान्छे बिरामी हुँदा धेरै पटक सहेरै बस्छौं," उहाँ भन्नुहुन्छ, "काठमाडौं पुग्न मात्रै धेरै खर्च लाग्छ। त्यसमाथि अस्पताल, औषधि र बसाइँको खर्च छुट्टै हुन्छ ।"

जब दिक्तेलमा विशेषज्ञ चिकित्सकसहितको निःशुल्क स्वास्थ्य शिविर सञ्चालन हुने खबर गाउँमा फैलियो, धेरै स्थानीय उत्साहित बने। दयाल हाङ राई पनि बिहानै स्वास्थ्य परीक्षणका लागि शिविरमा पुग्नुभएको थियो । त्यहाँ पुग्दा उहाँले पहिलो पटक विभिन्न विशेषज्ञ चिकित्सकलाई एकै ठाउँमा देख्नुभयो ।

दयाल हाङ राईका अनुसार शिविरको वातावरण निकै व्यवस्थित र आत्मीय थियो । चिकित्सकहरूले बिरामीको समस्या ध्यानपूर्वक सुनेर परीक्षण गर्नुका साथै आवश्यक सुझाव दिएका थिए । उहाँ भन्नुहुन्छ, "डाक्टरहरूले धेरै राम्रोसँग जाँच गर्नुभयो । गाउँमै यस्तो सेवा उहाँजस्तै धेरै स्थानीय नागरिक आफ्नै ठाउँमा विशेषज्ञ सेवा पाउँदा भावुक बनेका थिए । कतिपय वृद्धवृद्धा आफन्तको सहारामा शिविरसम्म आएका थिए भने केही बिरामीलाई स्ट्रेचरमा ल्याइएको दृश्यले ग्रामीण स्वास्थ्य अवस्थाको वास्तविकता झल्काउँथ्यो ।

विशेषगरी दुर्गम क्षेत्रमा स्वास्थ्य सेवा पहुँचको समस्या अझै गम्भीर रहेको स्थानीयको अनुभवले देखाउँछ । सामान्य स्वास्थ्य समस्या पनि समयमै उपचार नपाउँदा जटिल बन्ने गरेको छ । आर्थिक अभाव, यातायात कठिनाइ र विशेषज्ञ सेवा नपाइने अवस्थाले धेरै नागरिकलाई उपचारबाट टाढा राख्ने गरेको छ ।

यस्तो अवस्थामा गाउँमै आयोजित स्वास्थ्य शिविर स्थानीयका लागि ठूलो राहत बनेको छ। शिविरमा निःशुल्क परीक्षण, औषधि वितरण तथा परामर्श सेवाले धेरै परिवारलाई आर्थिक भारबाट समेत जोगाएको छ ।

ॐ हस्पिटल एण्ड रिसर्च सेन्टरको आयोजनामा सम्पन्न शिविरले ग्रामीण स्वास्थ्य सेवामा निजी क्षेत्रको सामाजिक उत्तरदायित्व कति प्रभावकारी हुन सक्छ भन्ने सन्देश पनि दिएको छ ।


OM HOSPITAL & RESEARCH CENTRE (P.) LTD. | 01-4576225 | omhrc@omhospitalnepal.com

स्वास्थ्य शिविर

# बुढानीलकण्ठ-१० मा ॐ हस्पिटलको निःशुल्क स्वास्थ्य परीक्षण शिविर सम्पन्न

सामाजिक उत्तरदायित्वप्रति आफ्नो प्रतिबद्धता लाई निरन्तरता दिँदै ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.ले बुढानीलकण्ठ नगरपालिका-१० मा एकदिने निःशुल्क स्वास्थ्य परीक्षण शिविर सफलता पूर्वक सम्पन्न गरेको छ। बुढानीलकण्ठ नगरपालिका -१०, बाल उ द्धार माध्यमिक विद्यालय तथा रौनियार महिला समाजको सहकार्यमा आयोजित उक्त शिविरले स्थानीय समुदायलाई गुणस्तरीय स्वास्थ्य सेवासम्म सहज पहुँच उपलब्ध गराउने उद्देश्य राखेको थियो।

जेठ २३ गते सम्पन्न शिविरमा एक दर्जनभन्दा बढी अनुभवी चिकित्सक, विशेषज्ञ तथा स्वास्थ्यकर्मीहरूको टोलीले सक्रिय सहभागिता जनाएको थियो। शिविरमा विभिन्न उमेर समूहका सयौं स्थानीयवासीले स्वास्थ्य परीक्षण गराउनुका साथै विशेषज्ञ चिकित्सकबाट प्रत्यक्ष स्वास्थ्य परामर्श प्राप्त गरेका थिए। सहभागीहरूको रक्तचाप, मधुमेह, मुटुसम्बन्धी समस्या, श्वासप्रश्वाससम्बन्धी समस्या, हाडजोर्नी तथा नसासम्बन्धी समस्या लगायत विभिन्न स्वास्थ्य अवस्थाको प्रारम्भिक परीक्षण गरिएको थियो। साथै आवश्यकताअनुसार थप उपचार तथा अस्पतालमा गराउनुपर्ने परीक्षणका विषयमा समेत सुझाव प्रदान गरिएको थियो।

शिविरमा सहभागी स्थानीयवासीहरूले विशेषज्ञ चिकित्सकसँग प्रत्यक्ष भेटेर आफ्नो स्वास्थ्य अवस्थाबारे जानकारी लिन पाएकोमा खुशी व्यक्त गरेका थिए। नियमित स्वास्थ्य परीक्षण गर्न नपाइरहेका तथा विभिन्न कारणले स्वास्थ्य संस्थासम्म पुग्न कठिनाइ भोगिरहेका नागरिकहरूका लागि यस्ता कार्यक्रम निकै उपयोगी भएको उनीहरूको भनाइ थियो। शिविरले समुदायमा स्वास्थ्य सचेतना अभिवृद्धि गर्न तथा रोगको प्रारम्भिक पहिचान मार्फत समयमै उपचार प्रक्रिया सुरु गर्न महत्वपूर्ण भूमिका खेलेको आयोजकहरूको विश्वास रहेको छ। ॐ हस्पिटलले विगत देखि नै विभिन्न समुदाय, विद्यालय, संघ- संस्था तथा दुर्गम क्षेत्रहरूमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्दै आएको छ। स्वास्थ्य सेवा केवल अस्पतालभित्र सीमित नरही समुदायसम्म पुग्नुपर्छ भन्ने मान्यताअनुसार हस्पिटलले नियमित रूपमा यस्ता सामाजिक तथा जनस्वास्थ्य केन्द्रित कार्यक्रमहरू सञ्चालन गरिरहेको छ। यस प्रकारका कार्यक्रमहरूले आम नागरिक लाई स्वास्थ्यप्रति सचेत बनाउनुका साथै स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास गरिएको छ।

शिविरको सफल आयोजनाका लागि बुढानीलकण्ठ नगरपालिका-१०, बाल उद्धार माध्यमिक विद्यालय, रौनियार महिला समाज, स्थानीय जनप्रतिनिधिहरू, स्वयंसेवकहरू तथा कार्यक्रमलाई प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने सम्पूर्ण व्यक्तिहरूप्रति ॐ हस्पिटल एण्ड रिसर्च सेन्टरले हार्दिक आभार व्यक्त गरेको छ। साथै आगामी दिनहरूमा पनि समुदायको स्वास्थ्य प्रवर्द्धन तथा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच विस्तार गर्ने उद्देश्यका साथ यस्ता कार्यक्रमहरूलाई निरन्तरता दिइने छ।

समुदायसँगको सहकार्य, स्वास्थ्यप्रति जनचेतना अभिवृद्धि तथा सामाजिक उत्तरदायित्व निर्वाह गर्ने अभियान अन्तर्गत सञ्चालन गरिएको उक्त शिविरले स्थानीय स्तरमा सकारात्मक प्रभाव पारेको र आगामी दिनमा पनि यस्ता कार्यक्रमहरू अझ व्यापक रूपमा सञ्चालन गरिने अपेक्षा गरिएको छ।



# ॐ हस्पिटलद्वारा मैतिदेवीमा निःशुल्क स्वास्थ्य शिविर र खुला रक्तदान

उत्तरदायी स्वास्थ्य सेवा र सामाजिक दायित्वलाई सधैं प्राथमिकतामा राख्दै आएको प्रतिष्ठित स्वास्थ्य संस्था ॐ हस्पिटल एण्ड रिसर्च सेन्टरले काठमाडौंको मैतिदेवीमा एक बृहत् तथा विशेष एकदिने निःशुल्क स्वास्थ्य परीक्षण शिविर र खुला रक्तदान कार्यक्रम सफलता पूर्वक सम्पन्न गरेको छ।

मैतिदेवीस्थित लर्ड सनवे कलेजको हप्ताभित्र आयोजना गरिएको उक्त शिविरमा स्थानीय समुदायको उत्साहजनक र व्यापक सहभागिता रहेको थियो।

"स्वास्थ्य नै सबैभन्दा ठूलो धन हो" भन्ने मूलनारा र स्थानीय नागरिकलाई आफ्नै पायक पर्ने स्थानमा गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउने उद्देश्यका साथ आयोजना गरिएको यस शिविरमा २५० जनाभन्दा बढी स्थानीय बासिन्दाहरूले प्रत्यक्ष रूपमा स्वास्थ्य लाभ लिएका छन्।

शिविरमा ॐ हस्पिटलका विशेषज्ञ चिकित्सक, दक्ष नर्स तथा प्राविधिकहरूको विशेष टोलीले सेवा प्रदान गरेको थियो। शिविरमा आएका सर्वसाधारणहरूको सामान्य स्वास्थ्य परीक्षणका साथै नसर्ने रोगहरूको समयमै पहिचान गर्नका लागि सबै सहभागीहरूको रक्तचाप र सुगरको निःशुल्क जाँच गरिएको थियो।

त्यसैगरी मुटुरोग, पेटरोग, स्त्रीरोग तथा हाडजोर्नी सम्बन्धी समस्या भएका बिरामीहरूलाई सम्बन्धित चिकित्सकहरूले विशेष परामर्श दिएका थिए।

स्वास्थ्य परीक्षणका क्रममा चिकित्सकहरूले सिफारिस गरेका आवश्यक र महत्त्वपूर्ण औषधिहरू बिरामीहरूलाई निःशुल्क वितरण गरिएको थियो, जसले गर्दा न्यून आय भएका स्थानीयहरूलाई ठूलो राहत मिलेको छ।

स्वास्थ्य शिविरको समानान्तर रूपमा आयोजना गरिएको खुला रक्तदान कार्यक्रम अर्को मुख्य आकर्षण बनेको थियो। पछिल्लो समय अस्पतालहरूमा देखिने गरेको रगतको अभावलाई थोरै भए पनि परिपूर्ति गर्ने पवित्र उद्देश्यले यो कार्यक्रम तय गरिएको हो।

यस कार्यक्रमका लागि नेपाल रेडक्रस सोसाइटी केन्द्रीय रक्तसञ्चार ब्युरो, ॐ हस्पिटल ब्लड बैंक तथा हामी छौं समाज नेपालले विशेष प्राविधिक तथा व्यवस्थापकीय सहकार्य गरेका थिए। रक्तदान-जीवनदान' भन्ने भावनालाई आत्मसात् गर्दै मैतिदेवी क्षेत्रका स्थानीय युवाहरू, विद्यार्थीहरू तथा बुद्धीजीवीहरूले स्वतःस्फूर्त रूपमा रक्तदान गरेका थिए। कार्यक्रममा संकलन गरिएको रगतलाई रेडक्रसको रक्तसञ्चार केन्द्रमा सुरक्षित राखिने र यसले आकस्मिक अवस्थामा रहेका बिरामीहरूको ज्यान जोगाउन महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास लिइएको छ।

अस्पताल व्यवसाय मात्र नभएर मानवीय सेवाको संवाहक पनि हो भन्ने मान्यतालाई ॐ हस्पिटलले यस कार्यक्रममार्फत पुनः पुष्टि गरेको छ। कार्यक्रमको समापनमा अस्पताल प्रशासन तथा व्यवस्थापन पक्षले स्थानीय स्तरमा स्वास्थ्य चेतना फैलाउन र महामारी वा अन्य समयमा नागरिकलाई बचाउन यस्ता शिविरहरू कोशेढुङ्गा साबित हुने बताउनु भयो।

अस्पतालका प्रशासकीय व्यवस्थापक विपिन जङ्गमले भन्नुभयो "समुदायप्रतिको हाम्रो उत्तरदायित्वलाई हामी गम्भीरताका साथ लिन्छौं। आजको व्यस्त जीवन शैलीका कारण अस्पतालसम्म पुग्न नभ्याएका वा आर्थिक अभावका कारण स्वास्थ्य जाँच गराउन नसकेका बुबाआमा, दाजुभाइ तथा दिदीबहिनीहरूलाई घरदैलोमै सेवा दिन पाउँदा हामीलाई खुसी लागेको छ।"

सहकार्य गर्ने संस्था लर्ड सनवे कलेज, हामी छौं समाज नेपाल, नेपाल रेडक्रस सोसाइटी तथा उपस्थित सम्पूर्ण स्वयंसेवक र रक्तदाताहरूलाई हस्पिटल परिवारले विशेष धन्यवाद ज्ञापन गरेको छ। साथै, समुदायप्रतिको आफ्नो यस पवित्र दायित्वलाई निरन्तरता दिँदै आगामी दिनहरूमा पनि उपत्यकाभित्र तथा बाहिरका विभिन्न स्थानहरूमा यस्ता जनचेतनामूलक, सामाजिक तथा स्वास्थ्यसम्बन्धी परोपकारी कार्यक्रमहरू थप परिष्कृत रूपमा सञ्चालन गर्दै जाने दृढ प्रतिबद्धता समेत ॐ हस्पिटलले व्यक्त गरेको छ।







OM HOSPITAL & RESEARCH CENTRE (P.) LTD. | 01-4476225 | omhrc@omhospitalnepal.com

# चावहिल लामपोखरीमा ॐ हस्पिटलको नि:शुल्क स्वास्थ्य शिविर सम्पन्न

काठमाडौँ, चावहिल –ज्येष्ठ नागरिकहरूको स्वास्थ्य सुरक्षा र सम्मानलाई उच्च प्राथमिकतामा राख्दै काठमाडौँ महानगरपालिका वडा नं. ७, लामपोखरी स्थित माता पिता सेवा सदनमा एक दिवसीय नि:शुल्क स्वास्थ्य शिविर भव्यताका साथ सम्पन्न भएको छ। देशकै अग्रणी स्वास्थ्य संस्था ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर र सामुदायिक प्रहरी सेवा केन्द्र, चावहिलको संयुक्त पहल तथा प्राविधिक सहकार्यमा उक्त शिविर आयोजना गरिएको हो। अस्पतालले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत समाजका हरेक वर्ग, विशेष गरी ज्येष्ठ नागरिकहरूलाई घरदैलोमै गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउने उद्देश्यका साथ यो परोपकारी कार्यक्रम सञ्चालन गरेको हो।

बढ्दो उमेरसँगै स्वास्थ्यमा विभिन्न समस्याहरू देखिनु स्वाभाविक हो, तर समयमै परीक्षण र उचित परामर्श नपाउँदा कतिपय अवस्थामा सामान्य रोगले पनि गम्भीर रूप लिने गर्दछ। यसै तथ्यलाई मध्यनजर गर्दै आयोजना गरिएको यस विशेष शिविर मा स्थानीय क्षेत्रका ११० जना वृद्धवृद्धाहरूले प्रत्यक्ष रूपमा स्वास्थ्य परीक्षण सेवा तथा चिकित्सकिय परामर्श लिनुभएको छ। शिविरमा ॐ हस्पिटलका वरिष्ठ विशेषज्ञ चिकित्सक, दक्ष नर्सिङ स्टाफ र प्राविधिकहरूको एक विशेष टोलीले सेवा प्रदान गरेको थियो। शिविरमा विशेष गरी ज्येष्ठ नागरिकहरूमा बढी देखिने स्वास्थ्य समस्याहरूलाई केन्द्रित गरी जनरल मेडिसिन, हाडजोर्नी तथा नसा, जनरल सर्जरी र नाक-कान-घाँटी सम्बन्धी रोगहरूको विस्तृत परीक्षण गरिएको थियो।

यसका साथै उमेर बढेसँगै शरीरमा देखिन सक्ने जोखिमलाई न्यूनीकरण गर्न शिविरमा सहभागी सबै ज्येष्ठ नागरिकहरूको मधुमेह र उच्च रक्तचापको समेत विशेष प्राविधिक जाँच गरिएको थियो। परीक्षणका क्रममा रोगको अवस्था हेरी चिकित्सकहरूले आवश्यक स्वास्थ्य परामर्श, उचित खानपान, व्यायाम तथा जीवनशैली परिवर्तनका महत्त्वपूर्ण उपायहरूका बारेमा बिरामीहरूलाई बुझाउनु भएको थियो। आफ्नै टोल-छिमेक र पायक पर्ने स्थानमा नेपालकै प्रतिष्ठित अस्पतालका विशेषज्ञ चिकित्सकहरूबाट प्रत्यक्ष सेवा र आत्मीय व्यवहार पाउँदा स्थानीय ज्येष्ठ नागरिक हरूमा निकै ठूलो उत्साह र खुसी देखिएको थियो। सामान्यतया अस्पतालको लामो लाइन र झन्झ टिलो प्रक्रियाका कारण समयमै स्वास्थ्य परीक्षण गर्न हिचकिचाउने वृद्धवृद्धाहरूका लागि यो शिविर अत्यन्तै उपयोगी साबित भयो।

शिविरमा सहभागी स्थानीय नागरिकहरूले सामुदायिक प्रहरी सेवा केन्द्र र ॐ हस्पिटलको यो संयुक्त सामाजिक कार्यले स्वास्थ्य सेवाको पहुँचलाई सर्वसाधारणका लागि थप सरल र सहज बनाएको भन्दै मुक्तकण्ठले प्रशंसा गरे। उनीहरूले यस्ता शिविरहरूले सुषुप्त रूपमा रहेका रोगलाई प्रारम्भिक अवस्थामै पहिचान गरी जटिल हुनबाट जोगाउने र आर्थिक भार समेत कम गर्ने प्रतिक्रिया दिएका थिए। कार्यक्रम को समापनका अवसरमा आयोजक संस्थाका प्रतिनिधिहरूले शिविरलाई शान्ति पूर्ण, मर्यादित र व्यवस्थित रूपमा सम्पन्न गर्न सहयोग गर्ने माता पिता सेवा सदन, स्थानीय स्वयंसेवक तथा प्राविधिक टोलीलाई हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो। आयोजकका तर्फबाट बोल्दै प्रतिनिधिहरूले ज्येष्ठ नागरिकहरू समाजका मार्गदर्शक र अमूल्य सम्पत्ति भएको बताउँदै उनीहरूको सम्मान, संरक्षण र स्वास्थ्य सुरक्षाका लागि आगामी दिनहरूमा पनि यस्ता सामाजिक तथा स्वास्थ्यमूलक गतिविधिहरूलाई थप प्रभावकारी रूपमा निरन्तरता दिने दृढ प्रतिबद्धता व्यक्त गर्नुभएको छ।







## सम्पादकीय

# गाउँमै पुगेको आशा : दिक्तेल स्वास्थ्य शिविरले दिएको सन्देश

नेपालका दुर्गम गाउँहरूमा स्वास्थ्य सेवा अझै पनि धेरै नागरिकका लागि पहुँचभन्दा बाहिरको विषय बनेको छ। सामान्य उपचारका लागि समेत शहर धाउनुपर्ने बाध्यता, आर्थिक अभाव, विशेषज्ञ चिकित्सकको कमी र यातायातको कठिनाइले ग्रामीण नागरिकको पीडा अझै गहिरो बनाइरहेको छ। यस्तो अवस्थामा खोटाङको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकामा आयोजित बृहत् नि:शुल्क स्वास्थ्य शिविर केवल एउटा कार्यक्रम मात्र होइन, ग्रामीण स्वास्थ्य सेवाप्रति आशाको उज्यालो संकेत बनेर आएको छ।

दुई दिने शिविरमा १ हजार ६१९ जनाले नि:शुल्क स्वास्थ्य सेवा लिनु आफैंमा एउटा सशक्त तथ्य हो। यसले गाउँघरमा स्वास्थ्य सेवाको कति ठूलो आवश्यकता छ भन्ने स्पष्ट देखाउँछ। अझ महत्व पूर्ण कुरा, लक्ष्यभन्दा बढी नागरिकले सेवा लिनु भनेको यस्ता कार्यक्रमप्रति जनविश्वास र आवश्यकताको प्रमाण हो।

शिविरमा जनरल सर्जरी, स्त्री रोग, हाडजोर्नी, बालरोग, दन्त चिकित्सा, मानसिक स्वास्थ्य र चर्म रोग जस्ता विभिन्न विशेषज्ञ सेवा उपलब्ध गराइनु अत्यन्त सकारात्मक पक्ष हो। ग्रामीण क्षेत्रमा प्राय: बेवास्ता हुने मानसिक स्वास्थ्य र महिलासम्बन्धी रोगलाई समेत प्राथमिकता दिइनु प्रशंसनीय छ।

यस कार्यक्रमले अर्को महत्वपूर्ण सन्देश पनि दिएको छ–स्थानीय सरकार, निजी स्वास्थ्य संस्था र बैंकजस्ता निजी क्षेत्रबीच सहकार्य भएमा जनताको जीवनमा वास्तविक परिवर्तन सम्भव छ। नगरपालिकाको पहल, ॐ हस्पिटल एण्ड रिसर्च सेन्टरको विशेषज्ञ टोली तथा गरिमा विकास बैंकको सहकार्यले देखाएको उदाहरण देशका अन्य स्थानीय तहका लागि पनि अनुकरणीय बन्न सक्छ।

सबैभन्दा भावुक दृश्य भनेको स्वास्थ्य सेवा लिनका लागि आफन्तले बिरामीलाई स्ट्रेचरमा बोकेर शिविरसम्म ल्याउनु थियो। यसले ग्रामीण नागरिकको स्वास्थ्य प्रतिको संघर्ष र राज्यको सेवामा रहेको दूरी दुवैलाई उजागर गर्छ। तर त्यहीं, आफ्नै गाउँमा विशेषज्ञ सेवा नि:शुल्क पाउँदा सेवाग्राहीले व्यक्त गरेको खुशीले एउटा गहिरो सन्देश दिन्छ–सेवा यदि जनताको ढोकासम्म पुग्यो भने विश्वास र आशा दुवै फर्किन सक्छ।

नेपालमा स्वास्थ्य सेवा अझै पनि शहर केन्द्रित छ। गाउँका नागरिक उपचारको अभावमा सामान्य रोगलाई समेत जटिल बन्न दिन बाध्य छन्। त्यसैले यस्ता शिविरहरूलाई केवल अस्थायी कार्यक्रमको रूपमा होइन, दीर्घकालीन स्वास्थ्य पहुँच विस्तारको अभियानका रूपमा हेर्न आवश्यक छ।

अब प्रश्न केवल एउटा शिविर सफल भयो भन्नेमा सीमित हुनु हुँदैन। प्रश्न यो हुनुपर्छ–के यस्ता पहलहरूलाई निरन्तरता दिन सकिन्छ? के प्रत्येक स्थानीय तहले आफ्ना नागरिकलाई आधारभूत विशेषज्ञ स्वास्थ्य सेवा गाउँमै उपलब्ध गराउने संकल्प गर्न सक्छ ?

दिक्तेलको यो शिविरले एउटा स्पष्ट सन्देश दिएको छ : स्वास्थ्य सेवा सुविधा होइन, नागरिकको आधारभूत अधिकार हो। र त्यो अधिकार गाउँका नागरिकले पनि समान रूपमा पाउनुपर्छ।


OM HOSPITAL & RESEARCH CENTRE (P.) LTD. | 01-4476225 | omhrc@omhospitalnepal.com

# ॐ हस्पिटलमा उपलब्ध सेवाहरू:

## उपलब्ध डायग्नोष्टिक सेवाहरू:

- Radiology and Imaging (भिडियो एक्स रे, सिटी स्क्यान, इको, एमआरआई )
- Pathology/Laboratory (रगत, दिशा पिशावका सम्पूर्ण जाँच)

## उपलब्ध विशेषज्ञ सेवाहरू:

- Anaesthesiology (एनेस्थेसियोलोजी)
- Audiology (अडियोलोजी)
- Cardiology (मुटु रोग)
- Cardiothoracic and Vascular Surgery (कार्डियोथोरासिक एण्ड भाष्कुलर सर्जरी)
- Dermatology and Venerology (चर्म तथा यौन रोग)
- Dental (दन्तरोग)
- Endocrinology and Diabetes (ग्रन्थीरोग तथा मधुमेह)
- ENT Head and Neck Surgery (नाक, कान, घाँटी)
- FIBROSCAN (फाइब्रोस्क्यान )
- Gastroenterology and Hepatology (पेट पाचन तथा कलेजो रोग)
- General Surgery Digestive Disease and Laparasopic Surgery (जनरल सर्जरी डाइजेष्टिभ डिजिज एण्ड ल्यापरोस्कोपिक सर्जरी)
- Hepatopancreatobiliary and Gastro Surgery (हेपाटोप्यान्क्रियाटोबिलियरी एण्ड ग्याष्ट्रो सर्जरी)
- Internal Medicine (जनरल फिजिसियन)
- IVF (आई.भी.एफ)
- Neonatology and Neonatal (नवजात शिशु)
- Nephrology (मृगौला रोग)
- Neurology and Neurosurgery (नसा तथा स्नायु सम्बन्धि)
- Nutrition and Dietetics (पोषण)
- Obsetric & Gyanaecology, Gynae Laparoscopy (स्त्री तथा प्रसुती, ल्यापरोस्कोपिक)
- Oncology (अर्बुदरोग)
- Ophthalmology (नेत्र रोग)
- Orthopedics Traumatology (हाड जोर्नी चिकित्सा)
- Om Wellness Clinic (ॐ वेलनेश क्लिनिक)
- Pediatrics and Pediatric Surgery (बाल रोग)
- Psychiatry (मानसिक रोग)
- Physiotherapy and Rehabilitation (फिजियोथेरापी एण्ड रिह्याविलिटेसन)
- Plastic Surgery (प्लाष्टिक सर्जरी)
- Pulmonology (फोक्सो तथा छाँती)
- Pain Medicine (पेन मेडिसिन)
- Rheumatology and Immunology (र्‍युमाटोलोजी एण्ड इम्यूनोलोजी)
- Spine Surgery (ढाडको उपचार)
- Urology (युरोलोजी)

## उपलब्ध अन्य सेवाहरू:

- Ambulance (एम्बुलेन्स)
- Emergency Service (आकस्मिक उपचार)
- Heli-EMS (हेली इ.एम.एस)
- IPD/OPD (अन्तरङ्ग / बहिरङ्ग सेवाहरु)
- ICU/CCU (सधन उपचार सेवा)
- Operation Theatre (शल्यक्रिया कक्ष)
- Sleep Lab (निद्रा सम्बन्धि)
- Vaccination (खोप सेवाहरु)

## News and Events





(MAJDOOR DIWAS) MAY DAY -2083





BLOOD DONATION @ OM



WORLD HAND HYGIENE DAY

**१०% छुट**

**७० बर्ष माथिका सम्पूर्ण जेष्ठ नागरिकहरूको सम्मानमा ॐ अस्पतालमा उपचारको विलमा १० प्रतिशत छुटको व्यवस्था छ।**

(थप जानकारीको लागी सोधपुछ वा १९७ एक्टेन्सनमा सम्पर्क गर्नुहोला)



OM HOSPITAL & RESEARCH CENTRE (P.) LTD. | 01-4576225 | omhrc@omhospitalnepal.com

सम्पादन समूह: **डा. हरिश जोशी**, मेडिकल डाईरेक्टर | **उमा श्रेष्ठ**, नर्सिङ्ग डाईरेक्टर | **विनोद अधिकारी**, मिडिया एण्ड बिजनेस डेभलप्मेन्ट म्यानेजर | **इरु पौडेल**, क्वालिटि एस्योरेन्स् एण्ड कर्पोरेट सर्भिस म्यानेजर